

# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली।
सार्वभौम भई फैलिएका मेची-महाकाली॥

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल।
वीरहरूको रगतले स्वतन्त्र र अटल॥

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल॥

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल॥



## भूमिका

रुपन्देही लुम्बिनी प्रदेश प्रदेश अन्तर्गतको एक जिल्ला पूर्वमा नवलपरासी (पश्चिम), पश्चिममा कपिलवस्तु, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । समुद्र सतहबाट १०० मिटर देखि १२२९ मिटरको उचाईमा रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई/मधेस गरी ३ भौगोलिक क्षेत्रहरुमा विभाजन गर्न सकिन्छ । राजनैतिक रुपले यस जिल्लालाई ५ निर्वाचन क्षेत्र, १ उपमहानगरपालिका ५ नगर पालिका र १० गाउँपालिकामा विभाजन गरिएको छ । धेरै धार्मिक स्थलहरु, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थानहरु, औद्योगिक तथा प्राविधिक क्षेत्रहरु, कृषि, वातावरण तथा जैविक विविधता युक्त आर्थिक तथा पर्यटकीय महत्वका क्षेत्रहरु यस जिल्लामा रहेका छन् । औधोगिक हबको रुपमा विकास भैरहेको यस जिल्लामा पछिल्लो समय बित्तिय क्षेत्रको समेत तिब्रतर बिकास भएको छ । बुटवल उपमहानगरपालिका उत्तरमा पाल्पा जिल्ला पुर्वमा देवदह नगरपालिका र दक्षिणमा तिलोत्तमा र पश्चिममा सैनामैनासँग जोडिएको नेपालकै उत्कृष्ट उपमहानगरपालिकाको रुपमा परिचित छ ।

सहकारीको इतिहास नेपाली समाजमा धेरै पहिले देखी कायम भएको देखिन्छ । ढिकुटी पर्म तथा गुठीको रुपमा संचालित पुर्व सहकारीका स्वरुपहरु तत्कालि अवस्थामा नेपाली समाजमा प्रचलित थिए । यिनै पूर्व सहकारीहरुलाई संस्थागत स्वरुप दिदै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रुपमा विकास गर्ने र ग्रामिण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रुपमा सहकारी प्रणालीलाई उपयोग गर्ने अन्तराष्ट्रिय प्रयासलाई नेपालमा समेत आत्मसात गरीएको हो । सहकारी नाफाका लागि व्यापारीले जस्तो केवल व्यापार व्यवसाय गर्ने संस्था होइन, न त वैक जस्तै गरी वैंकको मात्र कारोवार गर्ने हो वरु यो समुदायमा आधारित रही, सदस्यकै हितका लागि सदस्य माझ, व्यवसाय गर्ने र सदस्यहरुलाई व्यवसायी, उद्यमशील, क्षमतावान वनाउने कार्यमा निरन्तर सहयोग गर्ने सवल आर्थिक संस्था हो ।

“व्यक्तिको ऐच्छिक र स्वतस्फुर्त सहभागीतावाट आफ्ना समान आर्थिक, सामाजिक, सांस्कृतीक आवश्यकता र आकाक्षा परिपूर्तिका लागी सामुहिक स्वामित्व र प्रजातान्त्रीक ढंगवाट नियन्त्रीत स्वायत्त उद्यम नै सहकारी हो ।” अन्तराष्ट्रिय सहकारी महासघ सहकारी व्यावसायको उद्देश्य लक्षित वर्गको सामूहिक सहभागिताबाट स्थानीय स-साना पूँजीहरुको जगेर्नाद्धारा सदस्यहरु स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरुकै आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने । कमजोर वर्गको आर्थिक तथा सामाजिक उत्थान गर्ने, साना उत्पादकलाई व्यावसायी बनाउने, स्वरोजगारी र रोजगारी सृजना गरी आयआर्जनमा सहयोग गर्ने हो ।

### प्रयास सहकारी संस्थाको ऐतिहासिक पृष्ठभूमि

राष्टिय अर्थतन्त्रको अभिन्न हिस्साको रुपमा आफ्नो महत्वको पुष्टि गरिसकेको सहकारी क्षेत्रले आत्मसाथ गरेका मुल्य मान्यता र सिद्धान्त प्रति इमान्दार रहदै अघि बढि रहेको यस सहकारी संस्था २४ सदस्यीय प्रथम भेला वि.सं २०६० बाट सुत्रबद्ध भई हाल २०८१ आषाढसम्म आइपुग्दा १२६३ जना सदस्यहरुको बृहत समाज बनेको छ । बचत गर्ने र ऋण लिने/दिने संस्थाको रुपमा मात्र सिमित नभई समाजका विविध आयाममा योगदान गर्दै देशको समग्र आर्थिक समृद्धिका लागि सानो भए पनि प्रयास गर्नुपर्छ भन्ने मान्यता शिरोधार्य गरेको यस संस्थाले सहकारी क्षेत्रमा बिल्कुलै नौलो मानिएको मर्जर अभ्यासको अनुपम नमूना स्वरुप चारपाला सहकारी संस्थासँग मर्जर गरेको इतिहास छ ।

विधिवत स्थापना हुनु पुर्वका ४/५ वर्षमा बुटवल उपमहानगरपालिका-१२ तामनगरका कर्मठ, लगनशील, शिक्षित युवा जमातको सहकारी प्रतिको दृढ इच्छा शक्ति र कल्पनाशिलताको सुमधुर उपजको रुपमा आज प्रयास सहकारी सम्पुर्ण स्थानीयहरुको लागि सहकारीकै प्रयाय भइसकेको छ । सहभागिताको दुष्टिकोणमा समावेशी, दैनिक काम कारबाही सञ्चालनको शैलीमा वैज्ञानिक एवं संस्था सञ्चालन तथा व्यवस्थापनमा उच्च शैक्षिक व्यक्तिहरुको सहभागिता र दक्ष जनशक्तिद्धारा कार्यालयका गतिविधि सञ्चालनले यसको आधुनिक संगठनात्मक संरचनालाई स्वत: प्रमाणित गर्दछ । थोपा–थोपा बाट समुन्द्र बनेझैं सानो–सानो छरिएर रहेको पुँजिलाई सँकलन गर्न सुरुवात गरी आज प्राय: साकोस नयाँ उचाइ तथा पहिचान बनाउँदै समाजको समग्र रुपान्तरण प्रति कटिबद्ध छ ।

## दृष्टिकोण (Vision)

सामाजिक मुल्यहरुका साथमा समाजसँग सुमधुर सम्बन्ध कायम गर्दै संस्थाका शेयर सदस्यहरुको व्यापार, वाणिज्य, उद्यमशिलमा तथा रोजगारीसँग सम्बद्ध समग्र दैनिक जीवनमा आधारित आर्थिक कारोवारहरु सञ्चालन गर्ने एक वित्तिय केन्द्र बन्ने ।

## ध्येय (Mission)

शेयर सदस्यहरुको व्यापार/उद्यमशिलता तथा अन्य कार्यहरुलाई टेवा पुऱ्याउन ऋण नीतिलाई प्रवर्द्धन एवं सरलीकृत पार्दै उत्पादनशील तथा जवनोपयोगी सीपमा आधारित पेशा/व्यवसायको पहिचान, उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन र संस्थाद्धारा गरिने कर्जा प्रवाहबाट लाभान्वित हुँदै सदस्यहरुद्धारा उत्पादित बस्तु तथा सेवालाई प्रोत्साहन गर्दै उल्लेखित दृष्टिकोण (Vission) मा पुगिने छ ।

## लक्ष्य (Goal)

✓ गुणस्तरीय सेवा सहित सदस्यहरुका आवश्यकताहरु परिपूर्ति गर्नु ।

✓ सदस्यहरुमा प्रयास सहकारी प्रतिको विश्वास दिगो पार्दै हरेक आर्थिक पक्ष संग सम्वन्धित कार्य सम्पादन गर्नको लागी यस संस्थालाई पहिलो रोजाइको रुपमा विकास गर्नु ।

✓ सदस्यहरुको क्षमतामा आधारित व्याज दरमा उत्पादनमुलक कार्यका लागी कर्जा प्रवाह गर्नु ।

✓ सेयर सदस्यहरुको वचत सुरक्षाको लागी आधुनिक प्रविधिको उपयोग गर्दै उपयुक्त व्याजदर उपलब्ध गराउनु।

✓ समाजका मानिसहरुमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने उदेश्यका साथमा विविध सामाजिक कार्यक्रमहरु जस्तै : रक्तदान, स्वास्थ्य शिविर, योग शिविर, अध्ययन अवलोकन भ्रमण, सामाजिक सरसफाइ जस्ता कार्यक्रम आयोजना तथा सञ्चालन गर्नु ।

✓ दैनिक जीवनका महशुल भुक्तानीको साथमा विमा, रेमिटान्स आदि सुविधा व्यवस्थापन गर्नु ।

✓ एक्काइसौं शताब्दीको प्रतिस्पर्धात्मक युगमा सेवाग्राहीहरुसँग सद्भाव कायम गर्दै वित्तिय सेवा प्रवाह गर्नु ।

✓ सदस्यहरुको जीवनको आर्थिक पक्षलाई टेवा दिने उद्देश्यले विभिन्न तालिम, कार्यशाला तथा सचेतना कार्यक्रमहरु सञ्चालन/आयोजना गर्नु ।

**हाम्रो मूल्य मान्यता** (Core Values & Principle)

यस प्रयास बचत तथा ऋण सहकारी संस्थाको मुल्य र मान्यता “प्रयास PRAYAS” नै रहेको छ । जुन मान्यतालाई आत्मसाथ गरी संस्था सधै अगाडी बढ्ने छ ।

☞ Passion **(उत्साह)**: हामी हाम्रो परिकल्पना र ध्येय प्रतिप्रतिवद छौ र उत्साहका साथ उद्देश्य पुरा गर्न लागी परी नै छ ।

☞ Reliability **(विश्वनियता)**: उच्च गुणस्तरीय सेवा र संस्थाप्रतिको विश्वनियता कायम गर्ने

☞ Accountability**(जवाफदेहिता)** : संस्थाको हरेक गतिविधीको सदस्य प्रति जवाफदेही हुने

☞ Yield for Member Prosperity **(सदस्य समृदी)**: संस्थाको लाभ सदस्यकै समृद्धीमा लगाउने

☞ Adaptable **(स्विकार्यता)**: दुर्तदर परिवर्तनशील वातावरणलाई स्वीकार गरी सोही अनुसारका रणनिती लिएर अगाडी बढ्ने

☞ Social Responsibility **(सामाजिक उत्तरदायित्व निर्वाह)**: एकले अनेक र अनेकले एक भन्ने मान्यता साथ सामाजिक उत्तरदायित्व निर्वाह गर्ने

## प्रयास बचत तथा ऋण सहकारी संस्थाको रणनैतिक उद्देश्यहरु

यस बचत तथा ऋण सहकारी संस्थाको परिकल्पना ध्येय र लक्ष्यलाई पछ्याउदै सबल सक्षम र शुसानयुक्त पारदर्शी संस्था बनाउन तत्काल गर्नु पर्ने कार्यहरुलाई समेटेर यस संस्थाको तपशिल बमोजिमको रणनैतिक उद्देश्यहरु तय गरिएको छ ।

☞ सदस्य संख्या बृद्धि गरी थप व्यवसायीक र आत्मनिर्भर सदस्य बनाउने ।

☞ सहकारीले प्रदान गर्ने बित्तिय सेवालाई प्रविधी मैत्री बनाउदै थप गुणस्तरीय सुरक्षित र प्रभावकारी बनाउने ।

☞ सदस्य केन्द्रित सामाजिक कार्यहरुलाई जोड दिदै समुदायमा संस्थाको पहिचान उच्च बनाउने ।

☞ संचालक तथा कर्मचारीहरुको क्षमता विकासका लागी विविध तालिमहरु संचालन गर्ने ।

☞ सुविधा सम्पन्न बहुउद्देश्यीय कार्यालय भवन बनाउने

☞ साकोस बृद्धी सूचकहरुको सकारात्मक बृद्धी गर्दै दिगो र शुसासनयुक्त सहकारी संस्थाको रुपमा छबी कायम गर्ने ।

फोन नं. ०७१-४५००३०
Email: prayassaccos@gmail.com

# प्रयास बचत तथा ऋण सहकारी संस्था लि.

बुटवल-१२, तामनगर, रूपन्देही

पत्र संख्या/च.नं:२०८१।०८२/२० मिति : २०८१/०५/०९

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु,

**विषय : वार्षिक साधारण सभा तथा अधिवेशन सम्बन्धमा**

महोदय,

उपर्युक्त सम्बन्धमा सञ्चालक समितिको मिति २०८१/०५/०९ गतेको निर्णय बमोजिम यस संस्थाको **१७ औं वार्षिक साधारण सभा तथा छैठौ अधिवेशन** निम्न मिति, समय र स्थानमा आयोजना गर्न लागिएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि बिनम्र अनुरोध गर्दछु ।

**कार्यक्रम :**

मिति : २०८१ असोज १२ गते, शनिवार
समय : विहान ११ बजे
स्थान : तामनगर क्याफे (पुरानो हिमचुली पार्टी प्यालेस), बुटवल–१२, सोईला

**छलफलका विषयहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत आ.व २०८०/०८१ को कार्यप्रगति प्रतिवेदन तथा आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।
२. कोषाध्यक्षबाट प्रस्तुत आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन र आ.व २०८१/०८२ को अनुमानित आय व्यय प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.व २०८०/०८१ को आन्तरीक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा ।
४. संस्थाको आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियूक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. शेयर सदस्य लाभांश वितरण सम्बन्धी प्रस्ताव अनुमोदन सम्बन्धमा ।
६ संस्थाको विनियम पुर्नलेखन, निर्मित कार्यविधि अनुमोदन सम्बन्धमा ।
७. संस्थाको कार्यक्षेत्र, सेवा केन्द्र विस्तार सम्बन्धमा ।
८. संस्थाको कार्यालय भवन निर्माण सम्बन्धमा ।
९. संस्था एकिकरण गर्ने सम्बन्धमा ।
१०. वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न शेयर सदस्यबाट प्रतिनिधि चयन सम्बन्धमा ।
११. निर्वाचन उपसमिति अनुमोदन सम्बन्धमा ।
१२. विविध ।

**पुनश्च**

(क) साधारणसभामा उपस्थित हुने शेयर सदस्यहरुलाई झोला र दिवा खाजाको व्यवस्था गरिएको छ ।
(ख) २०८० सालमा S.E.E (कक्षा १०) र S.L.C (कक्षा १२) मा सम्मिलित भई हाम्रा शेयर सदस्यहरुका सन्तति मध्येबाट उच्चतम G.P.A प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा मिति २०८१ असोज ४ गते कार्यालय समय भित्र ग्रेड सिटको फोटोकपी सहित कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।
(ग) आ.ब २०८०/०८१ को लाभांश वापतको रकम सबै शेयर सदस्यहरुको ऐच्छिक बचत खातामा जम्मा गरिनेछ साथै उक्त खातामा जम्मा भएको रकम २०८१ असोज १४ गते देखि फिर्ता लिन सकिनेछ ।

.....................................
भीम बहादुर थापा
अध्यक्ष

# प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बुटवल-१२, तामनगर, रूपन्देही

## १७ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन-२०८१

यस प्रयास बचत तथा ऋण सहकारी संस्थालि.को १७ औं वार्षिक साधारण सभामा पाल्नु भएका श्रद्धेय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरू, संस्थाका संचालक समितिका सहकर्मी साथीहरु, लेखा सुपरिवेक्षक समितिका संयोजक तथा सदस्यज्यूहरु, अन्य विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरू, कर्तव्यनिष्ठ कर्मचारीहरू साथै सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड २४ सदस्यीय प्रथम भेला वि.सं २०६० बाट सूत्रवद्ध भई २०६५ साल आषाढ ३१ गते ३० जना सदस्यहरुबाट सहकारी ऐन २०४८ अनुसार डिभिजन सहकारी कार्यालय, भैरहवामा विधिवत रुपमा दर्ता भई स्थापित भएको यो संस्था सहकारी अवधारणा, मूल्य तथा सिद्धान्तलाई आत्मसात गर्ने मुलभुत उद्देश्य राखी स्थापना भएको हो । आज करिब १३०० जना शेयर सदस्य रहेको यस संस्थाले आफ्नो कार्यकालको १७ औं वार्षिक साधारण सभा सम्पन्न गर्न लागेको यस महत्वपूर्ण घडीमा म सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

आदरणिय शेयर सदस्य महानुभावहरु, कोभिड महामारीपछि आर्थिक क्षेत्रमा छाएको निरन्तरको मन्दि र त्यसले उत्पन्न गरेको समस्या अहिलेपनि समाधान भएको छैन । मुलुक यति बेलापनि वित्तीय संकटसंग जुधि रहेको अवस्था छ । वित्तीय अवस्था दिन प्रतिदिन असहज हुँदै गएको छ । कतिपय साना व्यवसायहरुलाई समेत आफ्नो व्यवसाय संचालन गर्न असहज हुन गई व्यवसाय नै परित्याग गर्नुपर्ने अवस्था देखिएको छ । वित्तीय क्षेत्रमा देखिएको संकटको असरबाट यतिबेला सहकारी क्षेत्र पनि अछुतो रहन सकेको छैन । व्यवस्थापकीय असावधानीका कारण कतिपय सहकारी संस्थाहरुमा समस्या देखा पर्न थालेका पनि छन् । यस्ता चुनौतीहरुका बीचमा पनि संस्थाले जोखिमको विश्लेषण गरी अवसरहरुको पहिचान गर्दै संस्थाले आनो वार्षिक योजना र लक्ष्य अनुसारको उपलब्धीहरु हासिल गर्न सफल भएको छ । यस्तो विषम र जटिल परिस्थितिमा पनि संस्थाप्रति यहाँहरुले गर्नुभएको अपार माया, विश्वास र भरोसाप्रति संस्थाको तर्फबाट हार्दिक आभार र कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

आर्थिक बर्ष २०८०/८१ मा प्राप्त गरेका उपलब्धी तथा कार्यक्रम सहितको बार्षिक प्रतिवेदन यस गरिमामय सभामा पेश गर्न पाउँदा हामी अत्यन्तै उत्साहित र हर्षित भएका छौं । यस महत्वपूर्ण अवसरमा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी सदस्यज्यूहरुबाट अमूल्य राय तथा सुझाव पाउने आशा लिएको छु । शुभचिन्तकहरुको निरन्तरको न्यानो साथ सहयोग र मायाले संस्थाले जुन उपलब्धी हासिल गर्न सक्यो त्यसलाई अत्यन्त सकारात्मक रुपमा लिई सोका लागि माया, स्नेह तथा विश्वास गर्नुहुने यहाँहरु सबै प्रति उच्च आदर तथा सम्मान प्रकट गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्य महानुभावहरु अब म आ.व. २०८०/०८१ मा संस्थाले हासिल गरेको महत्वपूर्ण निर्णयहरु र कार्य प्रगतिहरु यहाँहरू समक्ष पेश गर्न अनुमति चाहान्छु ।

**१. नीति तथा कार्यविधिहरूः** संस्था सुशासनमा सञ्चालनका लागि अघिल्लो साधारण सभाले प्रत्यायोजन गरेको अधिकार बमोजिम रही सञ्चालक समितिले देहाय बमोजिमका नीति तथा कार्यविधिहरू निर्माण गरी अनुमोदनका लागि सभामा पेश गर्न चाहन्छु ।

| नीति तथा कार्यविधि | निर्णय मिति |
|---|---|
| सदस्यता कार्यविधि-२०८० | २०८०/१०/१२ |
| निर्वाचन कार्यविधि-२०८१ | २०८१/०१/१५ |

**२. संस्थाको भवन निर्माणः** अघिल्लो साधारण सभाबाट निर्णय भएको संस्थाको बहुउद्देश्यीय भवन निर्माण कार्य हालको वित्तीय संकटका कारण भवन निर्माण कार्य यस वर्ष स्थगित गरिएको जानकारी गराउँदछु ।

**३. कार्यालय समय व्यवस्थापनः** संस्थाको नियम अनुसार नियमित मासिक बचत प्रत्येक महिनाको १ गते देखि ८ गते सम्म अनिवार्य बुझाउनु पर्ने व्यवस्थालाई कार्यालयको कार्यबोझ र सदस्यको अनुकूलतालाई मध्यनजर गरी सदस्यको माग बमोजिम प्रत्येक महिनाको पहिलो शनिबार विहान १० बजेदेखि २ बजे सम्म कार्यालय खोली सेवा प्रदान गरीरहेको जानकारी गराउदछु ।

**४. मोबाइल सफ्टवेयरः** आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले सदस्यहरूको घरदैलोमा नै पुऱ्याउने संस्थाको प्रतिवद्धता अनुसार टेलिफोन, विद्युत, पानी, इन्टरनेट बिल भुक्तानी आदि जस्ता नियमित उपभोग्य महशुल भुक्तानीहरू सँगै रकम बैङ्कमा जम्मा वा भुक्तानी गर्न सदस्य स्वयमले घरमै बसी गर्न सकिने व्यवस्थाका लागि संस्थाले आफ्नो शेयर सदस्यहरुको सुविधालाई ख्यालमा राख्दै Prayas Mobile App को जडान गरेको छ । सो का लागि वार्षिक नविकरण शुल्क २७,००७।- भुक्तानी गरिएको र यो सेवा लिने प्रयोगकर्ता सदस्य संख्या २४६ रहेको जानकारी गराउदछु ।

**५. समवेदना तथा श्रद्धान्जलीः** शेयर सदस्य वा शेयर सदस्यको परिवारको मृत्यु हुँदा हरेक शेयर सदस्यको घरमा किरियामा बसेकै अवस्थामा हामी सहभागि भई संस्थाको तर्फबाट मृतकको परिवारप्रति समवेदना र दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै किरिया खर्चको लागि सामाजिक ऋण प्रवाह गरिएको छ । र्निब्याजी सामाजिक ऋण अधिकत्तम ३ महिनासम्मका लागि रु.३०,०००।-का दरले तपशिलका शेयर सदस्यलाई प्रदान गरिएको जानकारी गराउन चाहन्छु ।

| क.सं. | सदस्यता नं. | सदस्यको नामथर | कैफियत |
|---|---|---|---|
| १ | १२६५ | श्री निर्मला के सी जि.सी | |
| २ | ५५ | श्री झविन्द्र प्रसाद आचार्य | |
| ३ | ११५९ | श्री सुर्य प्रसाद कंडेल | |
| ४ | १३६५ | श्री मेलीना गिरी | |

**६. सदस्य सुरक्षा कार्यक्रमः** सदस्य सुरक्षा नीति अनुरुप संस्थाले यस आ.व.मा १,१७८ जना शेयर सदस्यहरुको

रु.२,००,००० बराबरको नि:शुल्क दुर्घटना विमा व्यवस्था गरेको र सो वापत रु.६८,६५८।९ भुक्तान गरिएको जानकारी गराउन चाहन्छु ।

**७. सदस्यता राहत**: सदस्यता राहत कार्यक्रम कार्यविधि-२०७८ मा व्यवस्था भए अनुसार संस्थाका तपशिलका सदस्यहरुको दुखद निधन भएकोमा उहाँकै निवासमा उपस्थित भई दिवङ्गत हुनुभएका शेयर सदस्यहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पणसहित देहाय बमोजिमका शेयर सदस्यहरुलाई राहत कोषबाट राहत रकमको चेक परिवारको सदस्यलाई प्रदान गरिएको जानकारी गराउदछु ।

| क.सं. | सदस्यता नं. | सदस्यको नाम थर राहत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३७४ | गुडु हुसेन | १५,००० | |
| २ | २१४ | एक नारायण पौडेल | १०,००० | |
| ३ | ५७३ | गुरु प्रसाद रेग्मी | १०,००० | |
| ४ | ७१५ | राम बहादुर थापा फौजा मगर | १०,००० | |

**८. दुर्घटना बिमा रकम हस्तान्तरण**: सदस्य सुरक्षा नीति अनुरुप संस्थाका सम्पूर्ण शेयर सदस्यहरुको दुई लाख बराबरको नि:शुल्क दुर्घटना विमा गरिएकोमा संस्थाका सदस्य (शेयर सदस्य नं. ३७४) श्री गुडु हुसेनको दुर्घटनामा परी असामायिक निधन भएकोमा श्रद्धाञ्जली अर्पणसहित दुर्घटना बिमा दाबी रकमको चेक रु.२,००,०००।- स्वर्गीय हुसेनको पत्नीलाई हस्तान्तरण गरिएको जानकारी गराउदछु ।

**९. व्यवस्थापन प्रशिक्षार्थी (इन्टर्नसिप)**: सेवा प्रदायक संस्थाको रुपमा विकसित गराउदै संस्थामा निरन्तर रुपमा दैनिकी कार्य सम्पादन गर्न र संस्थाको आर्थिक भारलाई कम गर्ने उद्देश्यले संस्थाका सदस्य वा सदस्यको छोरा वा छोरीलाई ३ महिने इन्टर्नसिपको व्यवस्थालाई निरन्तरता दिएको जानकारी गराउन चाहन्छु ।

**१०. व्यक्तिगत विवरण (सदस्य पहिचान)**: सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम सहकारी संघसंस्थाको तथ्याङ्क तथा विवरणहरु, सदस्यहरुको व्यक्तिगत विवरणहरु अनिवार्य रुपमा प्रविष्टी गर्न निर्देशन भए अनुसार कोपोमीस प्रणालीमा प्रविष्टि अध्यावधिक गरिएको जानकारी गराउन चाहन्छु ।

**११. शेयर लांभाश**: धेरै कम सहकारीहरु मध्ये यस संस्थाले पनि शेयर सदस्यहरुलाई १७ प्रतिशतका दरले शेयर लांभाश कोष र संरक्षित पुँजि फिर्ता कोषबाट समेत गरी शेयर रकमको अनुपातमा रु. २२,६२,१९०।– नगद लांभाश शेयर सदस्यको नि:शुल्क खोलिएको ऐच्छिक खातामा जम्मा गरिएको जानकारी गराउन चाहन्छु ।

**१२. शेयर सदस्य अवलोकन भ्रमण**: सहकारीलाई उत्पादनसँग जोड्ने हेतुले मिति २०८० फागुन ४ गते देखि ७ गते सम्म उपसमितिका संयोजक श्री इश्वरी प्रसाद रेग्मी, सदस्यहरु श्री प्रकाशमणी खनाल, श्री मोहन शर्मा पाण्डे, श्री झविन्द्र प्रसाद आचार्य र श्री सिता कंडेलको संयोजनमा इलाम जिल्लाको पर्यटकीय स्थल कन्याम चिया बगान, धरानको बुढासुब्बा, दन्तकाली, झापाको मेचीपुल र सर्लाही जिल्लाको भरत तालमा १३८ जना शेयर सदस्य र २ जना बालहित बचतकर्ता गरी १४० जनाको सहभागितामा अवलोकन भ्रमण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो ।

**१३. भित्ते पात्रो (क्योलण्डर)**: विगतका बर्षहरु जस्तै नयाँ वर्ष २०८१ को उपलक्ष्यमा संस्थाको भितेपात्रो ( क्यालेण्डर) संस्थाका उपाध्यक्ष श्री ईश्वरी प्रसाद रेग्मीको संयोजनमा सदस्यहरु श्री झविन्द्र प्रसाद आचार्य र श्री तिर्थराज काफ्लेको सहयोगमा संस्थाका वार्षिक कार्यक्रम र उपलब्धीहरु समावेश गरी प्रकाशित गरी

वितरण गरिएको जानकारी गराउन चाहन्छु ।

**१४. सुत्केरी भेटघाट तथा सहयोग**: "जन्मदेखि मृत्युसम्म, प्रयास साकोस घरसम्म" कार्यक्रम अन्तर्गत संस्थाको सुत्केरी भेटघाट महिला उप-समितिको संयोजनमा शेयर सदस्यहरुको शिशु जन्मको खुशियालीमा सदस्यहरुको घर ठेगानामा गई शुभकामना तथा बधाई ज्ञापन गरी पौष्टिक आहार प्रदान गर्दै नवजात शिशुको नि:शुल्क बाल बचत खाता खोल्ने र सो खातामा बाल बचत कर्ताहरुका लागि रु. १,०००/- (एक हजार सय) बराबरको जन्मदिनको उपहार स्वरुप संस्थाले रकम जम्मा गर्ने व्यवस्था बमोजिम यस आ.व.मा तपसिलका शेयर सदस्यहरुलाई सुविधा प्रदान गरिएको जानकारी गराउदछु ।

| क.सं. | सदस्यता नं. | सदस्यको नामथर | बाल बचत कर्ताको नाम, थर |
|---|---|---|---|
| १ | ६०० | गिता गौतम | आरभ घिमिरे |
| २ | ३८८ | सपना खनाल ज्ञवाली | सहिमा ज्ञवाली |
| ३ | ७८२ | लक्ष्मी राना मगर | डेलिना पुन |
| ४ | ११५७ | शुसिला खनाल | ऋमन क्षेत्रि |
| ५ | ११३६ | तारा आचार्य न्यौपाने | स्वास्तिका न्यौपाने |
| ६ | ११४६ | प्रतिभा खनाल | देवांसी पौडेल |
| ७ | १२२५ | कल्पना पौड्याल क | एविका ज्ञवाली |
| ८ | ८७७ | दिपा थापा | देवान्स थापा |
| ९ | १२३८ | सम्झना शर्मा | आश्रित शर्मा |
| १० | १४१८ | टिका ज्ञवाली | सजिन ज्ञवाली |
| ११ | ६०७ | अमृता थापा क | जेसा थापा |
| १२ | ११७४ | गोमा पंथि ज्ञवाली | विपिन ज्ञवाली |
| १३ | १०११ | मिना भट्राई पौडेल | राबव पौडेल |
| १४ | ११९७ | रन्जिता राना | युवान्सी श्रेष्ठ |
| १५ | ११४३ | निशा श्रेष्ठ | रेनिष श्रेष्ठ |
| १६ | १०६४ | शारदा मरासिनी | प्रकाश आचार्य |
| १७ | ५०५ | अस्मिता खड्का | सुसान्त पोखेल |
| १८ | १३७३ | सृजना अर्याल | इन्सा बेल्वासे |
| १९ | ८४४ | रिता थापा पुन | रोसनी पुन |
| २० | ८९८ | पुजा थापा | प्रियन्सी थापा |
| २१ | १०९५ | सन्जु सापकोटा | ऋषी खड्का |
| २२ | १३९७ | कविता मल्ल | कायरभ शाहि |
| २३ | ७६७ | माया फौजा | थमन बहदुर थापा |
| २३ | १३४७ | समिता परियार | सायरा परियार |
| २५ | १३८५ | संगिता आचार्य | आभाष काफ्ले |
| २६ | १२४९ | शोभा सारु | आर्याना सारु |
| २७ | ९४५ | पुर्णिमा सिंजाली | रिता बलाल |

**१५. तालिम**: सहकारी क्षेत्रमा आएका नयाँ-नयाँ प्रविधि, ज्ञान तथा सिपको विकास र वर्तमान अवस्थामा देखिएको समस्याको समाधान गर्ने क्षमताको विकास गर्न विभिन्न संस्थाद्धारा आयोजित तालिममा तपसिल बमोजिमको सहभागी हुनु भएको जानकारी गराउन चाहन्छु ।

| क.सं. | सहभागीको नाम | तालिम शीर्षक | तालिमको अवधि | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| १ | श्री प्रकाशमणी खनाल | साधारण सभा सञ्चालन कार्य व्यवस्था सम्बन्धी तालिम | २०८०/०५/०९ | जिल्ला सहकारी संघ, रुपन्देही |
| २ | श्री नारायण शर्मा | तरलता तथा जोखिम व्यवस्थापन सम्बन्धी तालिम | २०८०/०५/०१ | जिल्ला सहकारी संघ, रुपन्देही |
| ३ | श्री सुनिता गिरी | सहकारी मार्फत सामाजिक रुपान्तरणमा महिलाको अग्रणी भूमिका | २०८०/०५/२४ | रुस्कुन |
| ४ | श्री शेषदत्त थारु | सहकारी लेखा व्यवस्थापन तालिम | २०८०/०९/०८ गते देखि १३ गते सम्म | सहकारी प्रशिक्षालय, बांके |
| ५ | श्री झविन्द्र प्रसाद आचार्य | धितो मुल्याङ्कन, ऋण लगानी तथा असुली सम्बन्धी तालिम | २०८०/११/२२ देखि २४ गते सम्म | जिल्ला सहकारी संघ, रुपन्देही |
| ६ | श्री प्रदिप पौड्याल | धितो मुल्याङ्कन, ऋण लगानी तथा असुली सम्बन्धी तालिम | २०८०/११/२२ देखि २४ गते सम्म | जिल्ला सहकारी संघ, रुपन्देही |
| ७ | श्री प्रदिप पौड्याल | Data Center /Cloud Hosting | २०८०/१२/२७ गते | रुस्कुन |
| ८ | श्री भीमबहादुर थापा | वार्षिक योजना तथा बजेट निमार्ण तालिम | २०८१/०१/२७ र २८ गते | रुस्कुन |
| ९ | श्री नारायण शर्मा | वार्षिक योजना तथा बजेट निमार्ण तालिम | २०८१/०१/२७ र २८ गते | रुस्कुन |
| १० | श्री प्रदिप पौड्याल | जोखिम विश्लेषण कार्याशाला गोष्ठी | २०८१/०१/३० | रुस्कुन |
| ११ | श्री प्रदिप पौड्याल | व्यवस्थापकको क्षमता अभिबृद्धि तालिम | २०८१/०२/२८ र २९ गते | राष्ट्रिय सहकारी बैंक लि. |

**१६. सदस्यता बिस्तार**: संस्थाको रणनीतिक योजनामा उल्लेख भए बमोजिम शेयर सदस्य वृद्धि सम्बन्धि निर्धारित लक्ष्य सञ्चालकहरुको तर्फबाट श्री भिम बहादुर थापा (१६ जना), श्री प्रकाशमणी खनाल (१६ जना), श्री सिता कंडेल तरामु (१६ जना), लेखा सुपरीवेक्षण समितिको तर्फबाट श्री दुर्गादिवी सारु (१६ जना) र कर्मचारीका तर्फबाट श्री प्रदिप पौड्यालले (१७ जना) थप गर्न सफल हुनु भएकोमा उहाँहरु सम्पूर्णमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

**१७. सहकारी शिक्षा तालिम**: सहकारीका सिद्धान्त, मुल्य मान्यता, नीति नियम र आर्थिक रुपमा सहकारीले समाजमा पारेको प्रभाव सम्बन्धि विषयमा सहकारी शिक्षा तालिम तथा अर्न्तक्रिया कार्यक्रम संस्थाका शेयर सदस्यलाई लक्षित गरी तपसिलको समय, स्थान र सहभागितामा सम्पन्न गरिएको जानकारी गराउन चाहन्छु ।

| क.सं | कार्यक्रम मिति | स्थान | प्रशिक्षकको नामावली | उपस्थित संख्या |
|---|---|---|---|---|
| १ | २०८०/०५/१६ | श्री सरस्वती मा.वि, तामनगर | श्री तिर्थराज काफ्ले, श्री दिपक तिवारी | ४२ जना |
| २ | २०८०/०९/२१ | श्री सरस्वती मा.वि, तामनगर | श्री तिर्थराज काफ्ले, श्री नारायण शर्मा | ३४ जना |
| ३ | २०८१/०२/१७ | श्री चारपाला सामुदायिक बन उपभोक्ता समुह, राजपुर | श्री भगवती आचार्य, श्री प्रदिप पौड्याल | ४८ जना |

**१८. लाखे नाच** : महिला उपसमितिको संयोजनमा परम्परागत रुपमा रहेका मौलिक कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले यस संस्थाको आयोजनामा मिति २०८०/०५/२० गते नवरत्न मा.वि अङ्ग्रेजी शाखाको प्राङ्गणमा करिब दुई हजार जना भन्दा बढी स्थानियवासीको उपस्थितिमा तामनगर राजपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको सहकार्य र शंकनगर नेवा: पुचको प्रस्तुतीमा बृहत लाखे नाच प्रर्दशनी सम्पन्न भएको जानकारी गराउन चाहन्छु ।

**१९. वित्तीय साक्षरता कार्यक्रम** : विद्यालयमा वित्तीय साक्षरता अभियान अर्न्तगत विद्यार्थीमा वित्तीय चेतना, ज्ञान र सिपको अभिवृद्धि गर्दै बचतको महत्व बुझ्न र त्यसको उचित व्यवस्थापन गर्ने शिक्षा प्रदान गर्न मिति २०८०/११/२० गते श्री सरस्वती माध्यामिक विद्यालय, तामनगरमा कक्षा १० मा अध्ययनरत ३२ जना विद्यार्थीहरुलाई संस्थाका व्यवस्थापक श्री प्रदिप पौड्यालले प्रशिक्षण गर्नुभएको जानकारी गराउँदछु ।

**२०. सहकारी अध्ययन अवलोकन भ्रमण** : कार्यदलका संयोजक श्री प्रकाशमणी खनाल, सदस्यहरु श्री ऋविन्द्रप्रसाद आचार्य र श्री सिता कंडेल तरामुको संयोजनमा मिति २०८१/०१/०८ र ०९ गते सञ्चालक, सल्लाहकार, उपसमितिहरु र कर्मचारी सहितको समूह गुल्मी जिल्लाको रेसुङ्गा न.पा-१, तम्घास अवस्थित श्री लेकाली स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लि.को अवलोकन गरी संस्थाहरुले गरेका क्रियाकलापहरु तथा अनुभवहरु अन्तकिया मार्फत आदान प्रदान गरी कार्यक्रम सम्पन्न गरिएको थियो ।

**२१. हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम** : कार्यदलका संयोजक श्री प्रकाशमणी खनाल, सदस्यहरु श्री तिर्थराज काफ्ले र श्री सिता कंडेल तरामुको संयोजनमा माध्यमिक तहका विद्यार्थीहरुलाई सहकारी सम्बन्धि ज्ञान अभिवृद्धि गर्ने र सामान्य ज्ञानमा आधारित बौद्धिक ज्ञानको स्तर मापन गर्ने उद्देश्यले मिति २०८१

जेष्ठ १८ गते अन्तर विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता चारपाला पुर्व सैनिक कल्याणकारी क्लबको सभाहलमा ९ वटा विद्यालयको सहभागीतामा सम्पन्न गरिएको जानकारी गराउन चाहन्छु ।

२२. **समयको वर्गिकरण**: शेयर सदस्य संस्थामा आवद्धताका आधारमा १५ वर्ष देखि माथिको समुह, १० वर्ष देखि १५ वर्ष सम्मको समुह, ५ वर्ष देखि १० वर्ष सम्मको समुह र शुरु देखि ५ वर्ष सम्मको समुहलाई क्रमश क, ख, ग, घ समुहमा विभाजन गरीएको छ । धितो ऋणमा लाग्ने सेवा शुल्कमा र शेयर रकम थप गर्दा लाग्ने शुल्कमा क, ख र ग समुहलाई क्रमश ३०%, २०% र १०% सहुलियत दर योजनालाई निरन्तरता दिएको जानकारी गराउन चाहन्छु ।

२३. **सम्पत्ति खरिद** : आर्थिक प्रशासन नियामली-२०७९ को व्यवस्था अनुसार गठित खरिद उपसमितिको सिफारिसमा तपशिल बमोजिमको सम्पत्ति खरिद गरिएको जानकारी गराउदछु ।

| क.सं. | सम्पत्तिको नाम | खरिद रकम | कैफियत |
|---|---|---|---|
| १ | ए.सि १.५ टन (एल.जी) | रु.१,१५,०००।- | |
| २ | ए.सि १ टन (एल.जी | रु.८०,०००।- | |
| ३ | वाल पंखा | रु.३,५००।- | |
| ४ | स्टेपलाइजर (भेलटेक) | रु.४१,२३६।- | |
| ५ | मोनिटर (डेल) | रु.८,२००।- | |

२४. **व्याजदर परिमार्जन**: अधिक तरलताको समस्या र प्रतिस्पर्धात्मक बजारको विश्लेषण गरी मिति २०८०/१०/०१ गते र २०८१/०१/०१ देखी लागु हुने गरी व्याजदरमा औषतमा कम गरी परिमार्जन गरिएको जानकारी गराउदछु ।

२५. **कर्मचारी सेवासुविधा: कर्मचारी तलबमानमा सामान्य वृद्धि,**

- आधारभूत तलबमानको एक महिना बराबर तलब कर्मचारीलाई दशै भत्ता,
- संचित विदाको अभिलेखिकरण गरिएको,
- आधारभूत तलबमानको दश प्रतिशत बराबर तलब स्थायी कर्मचारी सञ्चयकोषमा थप,
- आधारभूत तलबमानको एक महिना बराबर तलब कर्मचारी बोनसकोषबाट बोनस वितरण,
- स्थायी कर्मचारीलाई पोशाक बापत जनही रु.७,०००।-का दरमा वितरण गरिएको जानकारी गराउदछु ।

२६. **सम्मान: १६ औं वार्षिक साधारणसभाको अवसरमा देहायका व्यक्तिहरुलाई देहायका विधामा सम्मान गरिएको जानकारी गराउन चाहन्छु ।**

- असल बचतकर्ता : श्री केदारनाथ लम्साल
- असल उद्यमी : श्री रामजी वि.क
- जेष्ठ सदस्यहरु : श्री पुष्पनिधी न्यौपाने र श्री यम कुमारी पौडेल
- एस.इ.इ. २०७९ उत्कृष्ट विद्यार्थीहरु : श्री पुजा बन्जाडे र श्री सन्जिला थापा
- एस.एल.सी. (कक्षा १२) २०८० उत्कृष्ट विद्यार्थीहरु : श्री चिनिया राना र श्री स्मृति जिसी
- बाल बचत कर्ताहरु : श्री हिमाल पौडेल र श्री समिता कुंवर
- अधिक सदस्य थप गर्न सफल कर्मचारी : श्री निर्मला काफले

**२७. छात्रवृति**: १६ औं वार्षिक साधारण सभाको अवसरमा श्री सरस्वती माध्यमिक विद्यालयमा अध्ययनरत दुई जना जेहेन्दार विद्यार्थीलाई पढाईमा सहयोग पुऱ्याउने उद्देश्यले चार हजार तीन सय असी रुपैया बराबरको शैक्षिक सामाग्री प्रदान गरिएको जानकारी गराउन चाहन्छु ।

**२८. सेवा क्षेत्र विस्तार**: नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८० कार्तिक २३ गतेको छलफलमा अर्को व्यवस्था नभएसम्म महानगर, उपमहानगर र नगरपालिकालाई कार्यक्षेत्र बनाइ बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनैपनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने गरी भएको निर्णयले तत्काललाई संस्थाको कार्यक्षेत्र रुपन्देही जिल्ला भरि विस्तार र एक सेवा केन्द्र विस्तार गर्ने योजना रोकिएको जानकारी गराउन चाहन्छु ।

**२९. सुझाव पेटिका र सदस्य वडा पत्र** : सेवालाई पारदर्शी, जनउत्तरदायी र प्रभावकारी बनाउँदै शेयर सदस्यको विश्वास अभिवुद्धि गर्ने उद्देश्यले गुनासो तथा सुझाव पेटिका र शेयर सदस्य संस्थाका मालिक हुन भने मुल मर्मलाई आत्मसात् गर्दै सदस्य वडापत्र पनि सञ्चालनमा ल्याइएको जानकारी गराउन चाहन्छु ।

**३०. विस्तारीत बैठक** : आ.ब २०८०/०८१ को वार्षिक समिक्षा गर्ने र आगामी वर्ष २०८१/०८२ को लागि नीति तथा कार्यक्रम र बजेट निमार्ण गर्ने उद्देश्यले संचालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारहरु, विभिन्न उपसमितिहरु र कर्मचारीहरु सहितको विस्तारित बैठक मिति २०८१ आषाढ २२ गते सम्पन्न भएको जानकारी गराउन चाहन्छु ।

**३१. स्थापना दिवस कार्यक्रम** : संस्थाको सामाजिक उत्तरदायित्व बहन अर्न्तगतको "भोजन खुवाउने कार्यक्रम" बुटवल ०८, सुख्खानगर स्थित मानव सेवा आश्रममा एक छाक भोजन खुवाउने कार्यक्रम मिति २०८१/०३/२९ गते संस्थाको स्थापना दिवशको पुर्व सन्ध्यामा आयोजना गरी सम्पन्न गरिएको थियो ।

प्रयास बचत तथा ऋण सहकारी संस्था लि.को संस्थागत विकास, जोखिम न्यूनिकरण लगायत संस्थाका सदस्यहरूको व्यवसायिक विकासलाई मुख्य केन्द्र बिन्दु बनाई सहकारी मूल्य, मान्यता, मर्म र सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणको लागी समुदायमा आधारित सहकारी शिक्षा, सूचना तथा तालिम सहितको प्रविधिमैत्री गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने खालको संस्थाको प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम हुनेछ । विगतका नीति तथा कार्यक्रमहरू अधिकांश यस वर्ष पनि निरन्तरता दिइएको छ । केही नीति तथा कार्यक्रमहरू समय सापेक्ष संशोधन पनि गरिएको छ । प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमलाई यहाँहरूको सुझाव र सल्लाहका आधारमा थप परिमार्जिन र परिष्कृत गरी अगाडी बढ्ने जानकारी सहित अब म आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. संस्थाको कार्य सञ्चालनलाई अझ बढी गुणस्तरयुक्त, छिटो छरितो एवं समयमा नै सम्पन्न गर्नका लागि यस वर्ष संस्थाको बहुउद्देश्यीय दुई तल्ले कार्यालय भवनको निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

२. कर्जा लगानीलाई उत्पादनसँग जोड्दै सहुलियत विशेष कर्जा प्रदान गर्ने, सहुलियत कर्जा लगानी कोष मार्फत ब्याज अनुदान दिने व्यवस्था मिलाइनेछ । साथै समय सापेक्ष बचत तथा ऋणमा व्याजदर निर्धारण गरिनेछ ।

३. संस्थाले वातावरणीय संरक्षण, सामाजिक विकास, शिक्षा, स्वस्थ्य, वित्तीय साक्षरताजस्ता उद्देश्य राखी सामाजिक उत्तरदायित्व अर्न्तगत समुदाय लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. शेयर सदस्यलाई संस्थामा आवद्धताका आधारमा सेवा सुविधा थप प्रदान गर्ने उद्देश्यले तपसिल बमोजिमको समुहमा विभाजन गरी अगाडी बढिनेछ ।

- नयाँ खाता खोले देखी ५ वर्ष सम्मका शेयर सदस्यलाई समुह "घ"

- ५ वर्ष १ दिन देखी १० वर्ष सम्मका शेयर सदस्यलाई समुह “ग”
- १० वर्ष १ दिन देखी १५ वर्ष सम्मका शेयर सदस्यलाई समुह “ख”
- १५ वर्ष १ दिन देखी माथि जति वर्ष भएपनि त्यस्ता शेयर सदस्यलाई समुह “क”

५. संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य तय गर्ने प्रमुख उद्देश्य सहितको संस्थाको अगामी रणनीतिक व्यवसायिक योजना (चार वर्षे) निर्माण गरिनेछ ।

६. संस्थाको विशेषताहरु झल्किने गरी वृत चित्र (अडियो भिजुवल डकुमेन्ट्री) निर्माण गरिनेछ ।

७. सदस्यता विस्तारलाई सहकारी ऐनको परिधि भित्र रही खुल्ला राख्दै सबै बर्गका समुदायलाई विशेष अभियान सञ्चालन गरी सदस्यता विस्तारलाई निरन्तरता दिइ २०० सदस्य थप गरिनेछ ।

८. ऋणीको ऋण रकम चुक्ता हुनु अगावै ऋणीको निधन वा पूर्णतया अपाङ्गता भएमा संस्थाबाट लिएको सम्पूर्ण ऋण रकम चुक्ता गरिदिने खालको ऋण बिमा व्यवस्था शुरु गरिनेछ ।

९. संस्थाको संरक्षित पूँजी फिर्ता कोषको सदस्यमा व्यापक सचेतना अभिवृद्धि गराइ यस कोषबाट रकमको प्रभावकारी रुपमा वितरण गरिनेछ ।

१०. संस्था सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु थप निर्माण तथा संशोधन गरिनेछ ।

११. संस्थाले प्रदान गरेका प्रभावकारिता एवम सदस्य सन्तुष्टी र गुणस्तरीयताका सन्र्दभमा सदस्य सर्वेक्षण कार्य शुरु गरिनेछ ।

१२. संस्थाको स्वीकृत कार्यक्षेत्र भित्रका सहकारी संस्थाहरूसँगको सहकार्य र एकिकरणको अभियानलाई अगाडी बढाइनेछ ।

१३. संस्थाको सदस्यलाई प्राण घातक रोग लागेमा वा दुर्घटनामा परी अपरेशन गर्नु पर्ने भएमा तत्काल राहत ऋण स्वरुप ३ महिनाका लागि बढीमा रु. ५०,०००।- र्निब्याजी ऋण प्रदान गरिनेछ ।

१४. संस्थाको विभिन्न गतिविधिहरुमा उत्कृष्ट योगदान पुऱ्याउनु हुने उत्कृष्ट उद्यमी, उत्कृष्ट बचत कर्ता, सबै भन्दा बढी शेयर सदस्य विस्तार गर्ने सदस्य, वर्ष उत्कृष्ट सदस्य, बालबचत कर्ता, एकल महिला, जेष्ठ नागरिक शेयर सदस्यलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

१५. संस्थाका विभिन्न सेवा सुविधा एवमं कार्यक्रमहरूको बारेमा विस्तृत जानकारी दिने उद्देश्यले यस वर्ष प्रयास संक्षिप्त चिनारी (ब्रोसर) सार्वजनिक गरिनेछ ।

१६. आफूले पाएको जिम्मेवारी तोकिएको समयमा सहकारी ऐन, नियम, संस्थागत नीति तथा साधारण सभा र संचालक समितिको निर्णय अनुरुप पदिय मर्यादालाई ख्याल गरी सम्पादन गरिनेछ । आफूले जिम्मेवारी लिएको कामको आफैले जवाफ दिने अवस्था सहितको आचारसंहिता निर्माण गरिनेछ ।

१७. संस्थाले लगानी गरेका हरेक कर्जालाई भाखा भित्रै साँवा, ब्याज सहित असुलीका लागि हरेक कर्जाको नियमित कार्य तालिका बनाई, समन्वय गरी चरणबद्ध रुपमा संस्थाका व्यवस्थापक, ऋण उपसमिति तथा सञ्चालक समितिमार्फत सम्बन्धित पक्षहरुलाई नियमित ताकेता एवं स्मरण गराउने कार्य थप कडाईका साथ अगाडी बढाइनेछ ।

१८. सहकारी सिद्धान्त, मूल्य मान्यताका आधारमा संस्थालाई संचालन गर्नुका साथै संस्थाको सेवालाई मूल्यमा आधारित भई प्रवाह गरिनेछ । सम्पूर्ण कारोवार सदस्यहरूको बीच मात्र सिमित राखिनेछ । जुनसुकै क्रियाकलापमा पनि प्रत्यक्ष वा परोक्ष रुपमा संस्थाको हित अनुकूल बनाईनेछ ।

१९. प्रत्येक कर्मचारीलाई कार्यविवरण अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी दिइनेछ । प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक कर्मचारीलाई जिम्मेवारी र जवाफदेही बनाइनेछ । साथै लक्ष्य अनुसारको उपलब्धी प्राप्त गर्न

सफल कर्मचारीहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

२०. संस्थाको सदस्य सुरक्षा नीति बमोजिम “क” र “ख” समुहका शेयर सदस्यहरुको रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख रुपैया मात्र) र “ग” र “घ” समुहका शेयर सदस्यहरुको रु. २,००,०००।- (अक्षरेपी दुई लाख रुपैया मात्र) बराबरको नि:शुल्क दुर्घटना विमा गरिनेछ ।

२१. शेयर सदस्य अवलोकन भ्रमण कार्यक्रमलाई सदस्यहरुको रोजगारी, सिप मुलक तालिम र उत्पादन संग जोडीनेछ ।

२२. सहकारीका सिद्धान्त, मुल्यमान्यता, नीति नियम सम्बन्धि विषयमा सहकारी शिक्षा तालिम तथा अर्न्तक्रिया कार्यक्रम संस्थाका शेयर सदस्यलाई लक्षित कार्यक्रम थप २०० जना शेयर सदस्यलाई प्रदान गरिनेछ ।

२३. संस्थाको प्रवर्द्धनका लागि स्तरीय प्रवर्द्धनात्मक सामाग्रीहरुको निर्माण गरी मायाको चिनोको रुपमा प्रयोग गरिनेछ ।

२४. आधुनिक प्रविधियुक्त सेवालाई सर्वशुलभ बनाउदै सदस्य स्वयमले घरमै बसी सुविधा लिन सकिने सेवाहरुको व्यापक जानकारी गराई Cashless and Paperless transaction मा जोड दिने उद्देश्यका साथ Prayas Mobile App को प्रयोगकर्ताको संख्या बढाइनेछ ।

२५. रकम रु. दश लाख भन्दा माथि ऋण लगानी गर्दा अनिवार्य इन्जिनियरिङ्गबाट मुल्याङ्कन गराउने व्यवस्थाका लागि मुल्याङ्कनकर्ता नियुक्त गरी सार्न्दभिक दरमा मुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

२६. संस्थाको कार्यक्षेत्र भित्रका विद्यालयका विद्यार्थीमा वित्तीय चेतना, ज्ञान र सिपको अभिवृद्धि गर्न वित्तीय साक्षरता अभियानलाई निरन्तरता दिइनेछ ।

२७. सञ्चालक र कर्मचारीहरुको दक्षता तथा क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

२८. सहुलियत दर योजना अर्न्तगत सदस्यलाई संस्थाबाट कर्जा लिन प्रोत्साहन स्वरुप धितो ऋणमा लाग्ने सेवा शुल्कमा साथै शेयर रकम थप गर्दा लाग्ने शुल्कमा तपसिल बमोजिमको दरमा विशेष छुट दिने व्यवस्था मिलाइनेछ ।

- “घ” समुहले नपाउने
- “ग” समुहलाई १०% (दश प्रतिशत),
- “ख” समुहलाई २०% (बिस प्रतिशत),
- “क” समुहलाई ३०% (तीस प्रतिशत),

२९. महिला सदस्यको शिशु जन्मदाको खुशियालीमा महिला उपसमितिको संयोजनमा सदस्यको घर ठेगानामा गई शुभकामना तथा बधाई ज्ञापन गरी रु. १,०००/- बराबरको पौष्टिक आहार र नवजात शिशुको नाममा नि:शुल्क बाल बचत खाता खोली रु. १,०००/- रकम जम्मा गरी प्रति महिला शेयर सदस्यलाई रु.२,०००/-( दुई हजार मात्र) सम्मको सुत्केरी प्रोत्साहन पोषण भत्तालाई निरन्तरता दिइनेछ ।

३०. नयाँ वर्षको अवसरमा भितेपात्रो प्रकाशन गरी सम्पूर्ण शेयर सदस्यला नि:शुल्क वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. महिला शेयर सदस्यहरुको सामाजिक तथा आर्थिक सशक्तीकरणमा र व्यवसायिक आयमुलकसँग जोड्ने विभिन्न कार्यक्रम वार्ड कार्यालयसँग सहकार्य र समन्वय गरी ल्याइनेछ ।

३२. संस्थाको स्थापना दिवशको अवसरमा समुदाय लक्षित कार्यक्रम सञ्चालन गरी मनाइनेछ ।

३३. संस्थामा निरन्तर रुपमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने ७० वर्ष वा सो भन्दा माथिका जेष्ठ नागरिकलाई संस्थामा आवद्धताका आधारमा विशेष सम्मान गरिनेछ ।

३४. शेयर सदस्यको उमेर ७० वर्ष पुरा भएपछि वा शेयर सदस्य आफैलाई प्राण घातक रोग लागेमा, शेयर सदस्यले चाहेमा न्युनत्तम शेयर र बचत राखि सदस्यता खारेजी नहुने गरी शेयर र बचतको रकम किस्ताबन्दी वा एकैपटक फिर्ता लिन सकिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३५. सदस्यको मृत्यु भएमा मृत्यु संस्कारमा समेत सदस्यको धर्म संस्कार र परम्परा अनुसार शोकमा रहनु भएका सदस्य परिवारजनहरुमा समवेदना व्यक्त गर्न घर ठेगानामा गई निजको नजिकका आफन्तलाई तपसिल समुहका आधारमा सदस्य राहतकोषबाट राहत रकम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- "घ" समुहलाई रु.१०,०००।- (अक्षरेपी दश हजार रुपैया मात्र),
- "ग" समुहलाई रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार रुपैया मात्र),
- "ख" समुहलाई रु.२०,०००।- (अक्षरेपी बिस हजार रुपैया मात्र),
- "क" समुहलाई रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार रुपैया मात्र)

३६. ऋण परिचालन निर्देशिका २०७८ को दफा ५.२ को कर्जा शीर्षकमा पछिल्ला तीन आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन साथै करचुक्ता र व्यवसायिक योजना सहितको माग भएमा अधिकतम रु.४०,००,०००।– (अक्षरेपी चालिस लाख रुपैया मात्र) अधिकतम आठ वर्षको लागि किस्ताबन्दीमा ऋण लगानी गरिनेछ ।

अन्त्यमा, "सबैका लागि एक र एकका लागि सबै" भन्ने मूल मन्त्रका व्यावहारिक प्रयोगबाट मात्रै सम्भव देखिएको हुँदा सबै सदस्य महानुभावहरुले संस्थाले प्रस्तुत गरेको योजनामा सक्रिय सहभागिता जनाउनुहुनका लागि हार्दिक अनुरोध गर्दछु । आजको यस साधारण सभामा उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, सदाझैं यस संस्थाको प्रगतिमा विशेष योगदान गर्नु हुने संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरु, संस्थालाई आज यस अवस्थासम्म ल्याई पुऱ्याउन अनवरत रुपमा जुटिरहनु भएका सञ्चालक साथीहरु, सल्लाहकारज्यूहरु, लेखा समिति, उप समितिका साथीहरु तथा यस संस्थाका व्यवस्थापक र परिश्रमी कर्मचारी वर्गहरुमा सञ्चालक समितिको तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । प्रस्तावित कार्यक्रम, बजेट तथा प्रगती प्रतिवेदन आवश्यक सुझाव सहित पारित गरिदिनुहुनका साथै यस सहकारी संस्थाको प्रगतीको लागि यहाँहरूको अमूल्य एवं सक्रिय सुझाव र सहयोगको अपेक्षा गर्दै यहाँहरूबाट बिदा हुन चाहन्छु ।

धन्यवाद ! जय सहकारी !! जय प्रयास !!!

मिति : २०८१ असोज १२ गते

............................................
**भीम बहादुर थापा**
अध्यक्ष

# प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बुटवल-१२, तामनगर, रूपन्देही

## १७ औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रगति विवरण, अनुमानित बजेट तथा कार्यक्रम

यस प्रयास बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं बार्षिक साधारण सभाका अध्यक्ष ज्यू, हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, विभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवं प्रतिनिधिहरू, सल्लाहकारज्यूहरू, संस्थाका संचालक समिति, लेखा समिति, अन्य विभिन्न उपसमितिका संयोजकतथा सदस्यहरू, कर्तव्यनिष्ठ कर्मचारीहरू, साथै सम्पूर्ण शेयर सदस्य महानुभावहरू एव शुभचिन्तकहरुमा संस्थाको कोषाध्यक्ष तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सहकारी न्यानो अभिवादन व्यक्त गर्दछु ।

विगत १७ वर्षको अवधिमा यस सहकारीले शेयर सदस्यहरुको आर्थिक विकासमा एक कुशल सहयोगिको रुपमा भुमिका निर्वाह गर्दै स्वरोजगार, पेशा/व्यवसाय स्थापना, संचालन तथा विस्तार, रोजगारीका अवसर सिर्जना, गरिबि न्युनीकरण जस्ता क्षेत्रमा उल्लेख्य कार्य गर्दै आएको छ । संस्थालाई सुशासनको कार्यढाँचा भित्र सञ्चालन गर्दैं सदस्यहरूलाई समृद्ध बनाउनका लागि सबल र सक्षम संस्थाको रूपमा विकास गर्ने सोचका साथ संस्था अगाडि बढिरहेको छ । संस्थाको स्थायित्व, पहिचान र गरिमालाई थप मजबुद बनाउन आवश्यक आफ्नै अत्याधुनिक कार्यालय भवनको परिकल्पना लाई साकार पार्ने जमर्कोमा लागेका छौ । त्यसै गरी आर्थिक क्षेत्रमा सुचना र प्रविधिको बढ्दो उपयोग र प्रभावलाई अवसरको रुपमा ग्रहण गर्दै शेयर सदस्यका आवश्यकता परिपुर्ति गर्ने दिशा तर्फ अग्रसर रहेका छौं ।

**आदरणीय शेयर सदस्य महानुभावहरू, अब म यहाँहरू समक्ष आ.ब. २०८०/०८१ मा भएका विशेष निर्णयहरु संक्षिप्तमा प्रस्तुत गर्दछु ।**

✦ **शेयरको वर्गिकरण** : संस्थामा हाल शेयर रकमको आधारमा तपसिल बमोजिमको शेयर सदस्य संख्या रहेको जानकारी गराउँदछौं ।

| क्र.सं. | शेयर रकम | सदस्य संख्या |
|---|---|---|
| १ | १,००,०००। | ३३ जना |
| २ | ४५,०००। | ९६ जना |
| ३ | ३०,०००। | ३० जना |
| ४ | १५,०००। | २२० जना |
| ५ | ५,००० | ५८६ जना |
| ६ | १,०००। | २९८ जना |
| | कूल जम्मा | १२६३ जना |

रू १,०००।- समूहमा प्रवेश गर्दा लाग्ने प्रवेश शुल्क रु ५०० लाई ४०० छुट गरी रु १०० मात्र लिने व्यवस्था लाई निरन्तरता दिएको छु । सदस्यता खुल्ला राख्दै सबै वर्गका समुदायलाई समेटिने गरि विशेष अभियान संचालन गरि सदस्यता विस्तारलाई निरन्तरता दिदैं आगामी आ.ब. २०८१/०८२ मा २५० जना शेयर सदस्य थप गरि १५१३ र बाल बचतकर्ता ५० जना थप गरि १९७ जना पुर्‍याइने लक्ष्य राखिएको छ ।

- **आर्थिक सहुलियत** : संस्थामा धेरै समय देखि आवद्ध भई योगदान गरिरहनु भएका शेयर सदस्य ज्युहरुलाई उहाँहरुको संस्थामा आवद्ध समयावधिको आधारमा ऋण लगानी गर्दा लाग्ने व्यवस्थापन शुल्कमा निश्चित छुट तथा सहुलियत गरिएको छ ।
- **शेयर पूँजी बृद्धि योजना** : शेयर रकम रु. १,००,०००।- पुर्‍याउन सम्पूर्ण शेयर सदस्यहरुलाई प्रोत्साहन गर्ने सो समूहलाई वार्षिकी रुपमा रु.१,०००।- बराबरको मासिक बचत संस्थाको लाभाश कोषबाट दाखिला गर्ने व्यवस्था सहितको योजना निर्माण गरी संचालन गरिएको कुरा जानकारी गराउन चाहन्छु ।
- **राहत कोष शुल्क** : नयाँ शेयर सदस्यप्रवेश गर्दा लाग्ने सदस्य सदस्य राहतकोषमा रकम रु.२०० लिने व्यवस्था लाई निरन्तरता दिएको छु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू, अब म यहाँहरू समक्ष आ.ब. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार संस्थाले प्राप्त गरेको उपलब्धि माथि प्रकाश पार्न अनुमति चाहन्छु ।**

**शेयर पूँजी** :

गत आ.ब. २०७९/०८० मा संस्थाको कुल शेयर पूँजी रु.१,३४,६५,०००।- (एक करोड चौतिस लाख पैसठ्ठी हजार रुपैया ) रहेकोमा यस आ.ब. २०८०/०८१ मा संस्थाको कुल शेयर पूँजी रु.१,५०,४८,०००।- (एक करोड पचास लाख अठचालीस हजार रुपैया ) रहेको छ ।

**बचत** :

गत आ.ब. २०७८/०७९ मा संस्थामा जम्मा बचत रु ८,७५,१९,०३९।९५ (आठ करोड पचहत्तर लाख उन्नाइस हजार उनचालिस रुपैया पन्चानब्बे पैसा मात्र) रहेकोमा यस आ.ब. २०८०/८१ मा रु. १,३०,९०,६२५।– (एक करोड तीस लाख नब्बे हजार छ सय पच्चिस रुपैया) ले बढेर रु १०,०६,०९,६६५।२० (दश करोड छ लाख नौ हजार छ सय पैसठ्ठी रुपैया बिस पैसा मात्र) रहेको छ । यस आ.ब.को वृद्धिदर १४.९५ प्रतिशत रहेको जानकारी गराउदछु ।

**कर्जा** :

गत आ.ब. २०७९/०८० सम्ममा संस्थाको कुल कर्जा लगानी रु. ९,०२,४३,५७६।००।- (नौ करोड दुई लाख त्रिचालिस हजार पाँच सय छेहत्तर रुपैया) रहेकोमा यस आ.व. २०८०/०८१ मा कर्जा लगानी रु. ६,९५,५०,५००।- (छ करोड पन्चानब्बे लाख पचास हजार  पाँच सय रुपैया) र कर्जा असुली रु. ६,८३,३१,०७४।- (छ करोड त्रिरासी लाख एकतीस हजार चौहत्तर रुपैया ) भई यस आ.व.०८०/०८१

सम्म रु.९,१४,६३,००२।- (नौ करोड चौध लाख त्रिसट्ठी हजार दुई रुपैया) बाँकी कर्जा लगानी भएको देखिन्छ ।

**मौज्दात रकम :**

यस आ.ब. २०८०/८१ मा नगद तथा बैंक मौज्दात रु.२,३१,४७,१७८।३९ (दुई करोड एक्तिस लाख सड्चालिस हजार एक सय अठहत्तर रुपैया उनचालिस पैसा मात्र) रहेको छ । कुल बचत निक्षेपको तुलनामा संस्थाको तरलता अनुपात २३% रहेको छ ।

**मुनाफा :**

यस संस्थाले गत आ.ब. २०७९/८० मा मुनाफा (आयकर पछि) रु.३७,२८,४८५।५५ (सैतिस लाख अठ्ठाइस हजार चार सय पचासी रुपैया पचपन्न पैसा) रहेकोमा आ.ब. २०८०/८१ मा मुनाफा (आयकर पछि) रु.४५,९४,३०४।४० (पैतालिस लाख चौरानब्बे हजार तीन सय चार रुपैया चालिस पैसा) रहेको छ । खुद नाफामा बृद्धिदर गत आ.व.को तुलनामा २३.२२ प्रतिशतले बृद्धि भएको जानकारी गराउदछु ।

**सदस्यता :**

